## Siddhi Shaligram Briddhashram (SSB)
## (Senior Citizen Home)

### What is SSB?
Siddhi Shaligram Briddhashram (SSB) is an exciting new facility for elderly people now open in Bhaktapur. The building construction was made possible due to the generous contribution of Nepalhilfe Beilngries. The mission of SSB is to help elderly people to live peaceful, fulfilling, and happy lives.

### Why was SSB established?
The elderly people are important members of our society. The change in the socio-cultural behaviour of people has led to a need of a Briddhashram to take care of their parents in their old age. There is a profound lack of such facility especially dedicated for the use of the old age people. SSB aims to bridge this gap by offering both residential and daycare facilities for elderly people of Bhaktapur.

### What does SSB offer?
SSB is a home away from home. A life with dignity, a feeling of being cared for and the sense of being needed are the underlying principles of SSB. This Briddhashram provides care and services pertaining to the medical, social and religious needs of elderly people. This includes provision of basic medical attention by trained healthcare staff, daytime activities promoting socialization, enough time and space for communal puja, bhajan, satsang and yoga. Participants will get the opportunity to develop skills while enjoying activities such as gardening and handicraft making.

SSB is a home for those elderly people, who are staying with their families but seeking time in fellowship with others during the day, when their families are out of their house.

SSB also offers elderly residential care for pre-defined period of time, e.g. medical care to recover from an illness or operation, with nursing and physiotherapy assistance. Those who need to stay overnight for a certain period of time will be offered more detailed assessments as to their health and daily chores.

SSB's resident elders will be provided with a nutritious diet, essentially vegetarian, prepared under health norms and served with love and care. SSB's facilities provide clean surroundings, adequate reading room, a library, lounges and recreation areas.

### Values of SSB
SSB aims to offer support and services to all elderly persons as a model without making unjust distinctions based on status, wealth, caste, religion, relationship, gender or ethnicity. Elderly people of Bhaktapur will be given preference.

Briddhashram services will be offered to national and international people aged 65 and above, who have no one to care for them, or who feel neglected by their families, lonely, or in need a fellowship.

### SSB's appeal
SSB is being run under charity supported by donations, cash and kinds. Also, some nominal amount for food and services offered will be charged for those who can afford to pay. Please come and visit us to find out more about our services. All suggestions, advice, support and assistance will be gratefully accepted. There are all sorts of ways in which you could help.

### How to reach us:
If you want to support and contribute in our work of SSB, then we suggest that you become a **Friend of SSB**. As a friend of SSB we welcome you to join the SSB family that exists to help the neglected and left alone elderly people a life of dignity and hope. You can make your cash or cheque payable to **"Friends of SSB" Saving a/c 010020J** at the **Himalayan Bank Limited** Bhaktapur and our contact email address is **smh@healthnet.org.np**.

**"WORK TOGETHER AND SEE THE DIFFERENCE IN SERVING OUR ELDERS."**

*Shyam S. Dhaubhadel-Founder*
*Siddhi Memorial Foundation*

स.क.प.आवद्धता नं.१५२५२
जि.प्र.का.भ.पु.द.नं.५२९

# सिद्धि शालिग्राम वृद्धाश्रम - २०६२
## Siddhi Shaligram Briddhashram - 2005



## सिद्धि स्मृति प्रतिष्ठान

बागमती अञ्चल, भक्तपुर जिल्ला,
भ.न.पा. वडा नं.७, भीमसेनस्थान
फोन नं. ६६१२९४५ फ्याक्स् :- ६६१३५१५

**SIDDHI MEMORIAL FOUNDATION**
Bhimsensthan, Bhaktapur-7
P.O.Box 40, Phone#6612945
Fax#6613515,
Email: smh@healthnet.org.np
Website: www.smf.org.np

**पृष्ठभूमि :-**

हामी हाम्रा पुर्खाका उपज हौं । पुर्खा थिए र हामी भयौं । तसर्थ हाम्रा अग्रज पुर्खाप्रति हाम्रो कर्तव्य हुन्छ उहाँहरुको आदर सम्मान गर्नु । यो हाम्रो धर्म एवं कर्म दुवै हो । यही परम्परामा हाम्रो समाजको बनोट आधारित छ । वृद्धहरु भनेको उमेर पाका तर अनुभवले परिपक्व हुन्छन् । आजको समाज निर्माण तिनै हाम्रा पूर्वजहरुको श्रम-सीप, साधना र पसिनाको उपज हो । तर वर्तमान परिप्रेक्ष्यमा त्यसरी संरचना भइरहेको हाम्रो समाजमा केही विषमता देखिँदै आएको छ । त्यसको प्रत्यक्ष असर हाम्रा आदरणीय ज्येष्ठ नागरिकहरुले भोगिरहनु परेको छ । अर्थात् कसैका लागि भौतिक साधनहरु कतै पर्याप्त मात्रामा छन् तर त्यहाँ त्यसको समुचित व्यवस्था छैन त कतै कसैको लागि केही पनि नभई कष्टप्रद जीवन विताउनु परिरहेको छ । त्यसरी हाम्रा आदरणीय ज्येष्ठ नागरिकहरू जसजसबाट आदर र सम्मान पाइरहनु पर्ने हो उनीहरुबाटै तिरस्कृत र अपहेलित भई नियतबस वा अज्ञानताबस हाम्रो समाजमा यस्तो परिस्थिति रहिरहेको कठोर सत्य हाम्रा सामु छ ।

समस्याको अर्को पाटो भनेको समाधान हो । त्यसको लागि हर सचेत मानिसमा ती समस्याको समाधान कसरी हुन सक्छ भन्ने बारेमा ध्यान जानु स्वाभाविक नै हुन्छ ।

यसै तथ्यकै फलस्वरुप समाजसेवी रञ्जना-श्यामसुन्दर धौभडेलले आफ्नो एकमात्र पुत्ररत्न सिद्धि सुन्दर धौभडेलको साढे चार वर्षको अल्पायुमै २०५० सालमा अप्रिय घटनाबाट दिवंगत हुँदाको शोकमा केही शीतलता स्वरुप उनै पुत्रको सम्झनामा सोही सालमा **सिद्धि स्मृति स्वास्थ्य सेवा केन्द्र** स्थापना गरी जनसाधारणलाई प्राथमिक उपचार सेवा पुऱ्याउँदै अगाडि बढ्ने क्रममा २०५४ सालमा सेवा विस्तारस्वरुप **सिद्धि स्मृति अस्पताल**को स्थापना भई भक्तपुर जिल्ला एवं छिमेकका महिला तथा बालबालिकाहरुको स्वास्थ्योपचारमा सेवा पुऱ्याउँदै आएको कुरा सर्वविदितै छ । विविध सामाजिक परिवेशमा थप सेवाविस्तार गर्नुपर्ने आवश्यकता महसुस गरी गत २०५९ सालमा विभिन्न उद्देश्यहरुसहितको **सिद्धि स्मृति प्रतिष्ठान** गठन भई प्रतिष्ठानले लिएका विभिन्न उद्देश्यहरु मध्ये राष्ट्रका आदरणीय ज्येष्ठ नागरिकहरुको लागि वृद्धाश्रम सेवातर्फ प्रतिष्ठानको ध्यान आकृष्ट हुन गई सो सम्बन्धी सेवाविस्तार गर्ने क्रममा एक नमूनाको वृद्धाश्रम स्थापनार्थ चुनौतीपूर्णकार्य अगाडि सारिएको छ ।

***हाम्रा समाजमा देखिएका वृद्ध-वृद्धाहरू :-***

- ☞ आफू उमेरले वृद्ध भएर पनि समाजका लागि केही योगदान पुऱ्याउन लागिपरिरहेकाहरू ।
- ☞ आफूमा लागेका रोगको समयमा उपचार नपाई झन्झन् रोगले ग्रसित हुँदै गइरहेकाहरू ।
- ☞ परिवारबाट र समाजबाट अपहेलित जीवन बिताइरहेकाहरू ।
- ☞ नैराश्यता तथा वैराग्यबोधका कारण पारिवारिक बन्धनबाट मुक्त हुन चाहनेहरू ।
- ☞ दैवी वा प्राकृतिक दुर्घटनाबाट विपत्तिमा परेकाहरू ।
- ☞ सम्पतिको लागि मात्र आफन्तहरुबाट देखावटी माया पाइरहेकाहरु ।
- ☞ आर्थिक विपन्नताबाट जीवन गुजारिरहेकाहरू ।
- ☞ हेरचाहकै अभावका कारण अनेकन दुःख कष्ट भोग्दै एक्लो जीवन बिताइरहेकाहरू ।
- ☞ निसन्तान एवं सन्तानहीन भई पारिवारिक सेवा नपाएकाहरु आदि ।

अतः ती वृद्ध-वृद्धाहरुको सेवाको लागि सहयोगी दातृ संस्था नेपालहिल्फे वाईलिङ्ग्रीस जर्मनीको सहयोगबाट अन्दाजी १४००० वर्ग फिटको २ तले मन्दिररुपी वृद्धाश्रम भवन निर्माण सम्पन्न भएको छ । उक्त भवनमा साना ठूला गरी २४ कोठा छन् जस्तै भन्साकोठा, शयनकक्ष, पूजाकक्ष, ध्यानकक्ष, आरोग्यकक्ष, सभाकक्ष, पुस्तकालय, प्रतीक्षालय आदि पर्दछन् । सो वृद्धाश्रम सेवा संचालन के कसरी गर्न उचित होला भनी प्रतिष्ठानबाट धेरै प्रबुद्ध व्यक्तिहरुबाट सल्लाह सुझावहरु संकलन गरी त्यसैको आधारमा तयार गरिएका सेवाविवरणको संक्षिप्त जानकारी प्रकाशमा ल्याउने कार्य भएको छ ।

**सेवाको मुख्य उद्देश्य :-**

१. आध्यात्मिक चिन्तन-मनन जागरणद्वारा जनमानसलाई नैतिकवान् र मूल्यवान बनाउनेतर्फ उन्मुख गराइने ।
२. कुनै पनि विषयका ज्ञानयुक्त दक्ष वृद्धहरुमा भएको अमूल्य ज्ञानलाई खेर जान नदिई युवापिंढीलाई दिलाउने ।
३. समाजमा अनेकन रुपले कष्टप्रद जीवन बिताइरहेका आदरणीय अग्रजहरुलाई वृद्धाश्रममा स्थान दिई यथाशक्य सरल र सुलभ तरिकाबाट सेवा र टहल पुऱ्याइरहने ।

**सेवाको प्रकृति :-**

१. वृद्धाश्रममा आई बस्नुहुने ज्येष्ठ नागरिकहरुलाई अनेकन मानसिक चिन्ताबाट मुक्ति दिलाउन खोज्ने र सांसारिक जीवनबाट विस्तारै आध्यात्मिकतातर्फ उन्मुख पार्ने प्रयास गरिने ।
२. सात्त्विक आहारको व्यवस्था हुने ।
३. विशिष्ट व्यक्तिहरुबाट ज्ञान प्रवचन तथा सत्संगको व्यवस्था हुने ।
४. दैनिक पूजापाठ तथा भजनकीर्तनको व्यवस्था हुने ।
५. बेलामौकामा देश तथा तीर्थाटनको व्यवस्था हुने ।
६. प्रत्येक व्यक्तिको छुट्टाछुट्टै अभिलेख राखिने ।
७. परिवारसँग सम्पर्क भेटघाट तथा घर आउनजान सकिने ।
८. महिला र पुरुषहरुको लागि छुट्टाछुट्टै कोठाको व्यवस्था हुने ।
९. निसहायको हकमा निःशुल्क र मध्यमस्तरको लागि सहुलियत दरको शुल्कमा राखिने ।
१०. वृद्ध-वृद्धाहरुको भर्ना वृद्धाश्रम संचालन समिति अन्तर्गतको छनौट समितिबाट सिफारिस क्रम अनुसार भर्ना गरिने ।
११. वृद्धाश्रममा आश्रित वृद्ध-वृद्धा ज्यादै असक्त अवस्थामा पुगेपछि वा अकस्मात् कसैलाई केही हुन गएमा सम्बन्धित हकवाला वा नजिकको नातेदारलाई खबर गरी आवश्यक व्यवस्था गरिने ।
१२. हालको क्षमता अनुसार करीब ३० जना वृद्धहरुको लागि अहोरात्र भौतिक सेवा सुविधासहित उपलब्ध गराउन सकिने स्थिति भए तापनि हाललाई १० जना देखि सेवा प्रदान गरिने र पछि क्षमता अनुसार सेवा संख्या बढाउँदै लगिनेछ । दिवा सेवा संचालन अन्दाजी ७० जनासम्मलाई प्रदान गर्न सकिने क्षमता रहेको छ ।
१३. वृद्धाश्रमको कुनै पनि क्रियाकलाप सिद्धि स्मृति प्रतिष्ठान संचालक समितिको स्वीकृति अनुसार वृद्धाश्रम संचालन समिति मार्फत संचालन गरिने ।
१४. वृद्धाश्रम सिद्धि स्मृति प्रतिष्ठान अन्तर्गत एक छुट्टै निकायको रुपमा संचालन हुने ।
१५. तोकिएको शुल्कको अतिरिक्त कसैले केही थप सहयोग गर्न चाहेमा स्वीकार गरिने ।
१६. परिवारदेखि टाढा रहेर पनि उहाँहरुले त्यहाँ पारिवारिक खालको आत्मीयता पाउने व्यवस्था हुने ।
१७. आश्रित वृद्ध-वृद्धाहरु कुनैले वृद्धाश्रम संचालन कार्यमा आफू पनि संलग्न भएर सघाउन चाहेमा स्वीकृति दिन सकिने ।

**वृद्धाश्रममा आश्रयको लागि :-**

वृद्धाश्रम संचालन समितिबाट सिफारिस गरिएका नेपाली र गैर नेपाली ज्येष्ठ नागरिकहरुलाई नेपाली शैलीमा बसोबासको लागि आमन्त्रण गरिन्छ ।

**वृद्धाश्रमबाट प्राप्त हुने सेवाहरू :-**

१. समाचार तथा आध्यात्मिक मनोरञ्जनको लागि सामूहिक टेलिभिजन ।
२. आध्यात्मिक, पौराणिक, धार्मिक एवं ऐतिहासिक पुस्तक ग्रन्थहरु सहितको पुस्तकालय ।
३. प्रवचन तथा विभिन्न धार्मिक कार्यक्रमहरु ।
४. अनुभवी तथा दक्ष सिस्टर नर्सहरुद्वारा सेवा पुऱ्याइने ।
५. शुद्ध सात्त्विक भोजन ।
६. इन्टरनेट तथा फोन सेवा ।
७. नियमित स्वास्थ्य परीक्षण तथा सामान्य उपचार सेवा ।
८. फिजियोथेरापी, प्राकृतिक चिकित्सा एवं योगाभ्यास ।

**सहयोगार्थ**

सहयोगी एवं दाता महानुभावहरुले यस पुनीतकार्यको लागि सहयोग गर्न चाहेमा यस संस्थामा सम्पर्क राख्न सक्नु हुनेछ । साथै यस संस्थाको नाममा रहेको हिमालयन बैंक लि. भक्तपुरको बचत हिसाब नं. ०१००२०J मा रकम जम्मा गरी सहयोग पुऱ्याउन सक्नु हुनेछ ।

**"एक आपसमा मिलिजुली सेवाकार्य गर्दै सामाजिक उत्थानमा अघि बढौं ।"**

**श्यामसुन्दर धौभडेल - संस्थापक**

**सिद्धि स्मृति प्रतिष्ठान**